पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ १ गते मंगलबार ❑ 14 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## दुधका व्यवसायीक किसानहरुलाई रकम उपलब्ध गराउन विशेष पहल गर्छु: मन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, २९ पुस

नेपाल सरकारका कृषि तथा पशुपंक्षि विकास मन्त्री रामनाथ अधिकारीले दुधका व्यवसायीक किसानहरुलाई रकम उपलब्ध गराउन विशेष पहल गर्ने बताउनु भएको छ।

केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेड नेपालको सोमबार पोखरामा सम्पन्न भएको ३० औं साधारण सभाको उद्घाटन गर्दै मन्त्री अधिकारीले देशभरका किसानले दुध बिक्री गरेको रकम नपाएकोमा चिन्ता व्यक्त गर्दै उक्त रकम उपलब्ध गराउन बिषेश पहल गर्ने बताउनु भएको हो।

सरकारी र अधिकांश निजी डेरी उद्योगले गत विगत ६ महिना अघि देखिको किसानलाई दुधको पैसा दिन नसकेकोमा दुःख व्यक्त गर्दै मन्त्री अधिकारीले आफुले मन्त्रालय सम्हालेको करिब ६ महिना भएको र अब आउने बजेटमा त्यसका बिषयमा सम्बोधन गर्ने जनाउनु भयो। दशैंका वेला मन्त्रालयहरुमा पुगेर ग्यू र दुध लिन आग्रह गर्दै हिडेको उहाँले स्मरण समेत गर्नुभयो। नेपाली सेनाका प्रधानसेनापति देखि नेपाल प्रहरीका आईजिपीसम्म पुगेर दशैंका समयमा हाम्रो ग्यू तथा दुध खाइदिनुहोस भन्दै हिडेको मन्त्री अधिकारीले



बताउनुभयो। सबै कर्मचारीहरुले अनिवार्य एक लिटर ध्यू किन्नु पर्यो भनेर आग्रह गरिएको उहाँले जनाउनुभयो। बिक्रि भएको दुधले कर्मचारीहरुलाई समेत व्यबस्थापन गर्न कठिन भएको बताउदै मन्त्री अधिकारीले दुधको व्यबस्थापन पक्ष निकै कमजोर भएको दाबी गर्नुभयो। दुधको क्षेत्रमा ठुलै ह्वाङ परेको दाबी गर्दै मन्त्री अधिकारीले लामो समय किसानको भुक्तानी रकम रहेकोमा केही समय अघि देखि ६ महिनामा झारिएको उहाँले जनाउनु भयो। किसानले आफ्नो जीवीको पार्जन गर्नको लागि दुःख सुख गरेर उत्पादन गरेको दुधको पैसा समयमै दिन नसक्नुमा आफु निकै लज्जित भएको प्रतिकृया दिदै अब बाँकी रहेको भुक्तानीको लागि नयाँ बजेटमा त्यसलाई सम्बोधन गर्ने योजना रहेको उल्लेख गर्नु भयो। सहकारीको माध्यमबाट दुधको क्षेत्रमा देखिएको समस्या समाधानको लागि संघले दिएको सुझावलाई मनन गरिने भएको उहाँले बताउनुभयो।

देशभरका किसानले दुध बिक्री गरेको करिब १ अर्ब ५० करोड भन्दा बढी रकम पाउनु भएको छैन्। जसमध्ये सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डिडिसी)ले तिर्नुपर्ने मात्रै करिब डेढ अर्ब भन्दा बढी रहेको राष्ट्रिय दुग्ध किसान सहकारी संघ लिमिटेडले जनाएको छ। किसानसंग दुध लिने पैसा समयमै नतिर्ने, धेरै फाइदामा दुध खरिद गर्ने तर किसानालाई पैसा नदिने, यस बिषयमा अझै राम्रोसंग आफुले बुझ्दै गरेको मन्त्री अधिकारीले बताउनुभयो। कार्यक्रममा चितवन जिल्ला दुग्ध उत्पादन सहकारी संघका अध्यक्ष किशोर बगालेले दुधको पैसा कहिले आउछ ?, दुध कहिले सजिलै बिक्रि गर्न सकिन्छ ?, हामी किसाने कति दुध उत्पादन गर्ने ? लगायतका प्रश्न गर्दै किसानले समयमै भुक्तानी नपाउदा निकै समस्या उत्पन्न भएको गुनासो गर्नुभयो। सरकारले मुल्य तोकेको दुधमा मुल्य घटायर दुध लिने उपर कार्वाही कसले गर्छ भन्दै उहाँले प्रश्न गर्नु भयो। हाल दैनिक ७ लाख लिटर दुध उत्पादन हुने सरकारी तथ्याङ भए पनि त्यसको माग अनुसार काठमाण्डौमै ७ लाख लिटर दुध खपत हुने अबस्था हुदा पोखरा सहितका क्षेत्रमा दुध कहाँबाट आउछ भन्दै बगालेले सरकारसंग प्रश्न गर्नुभयो। गण्डकी प्रदेशको राजधानि पोखरामा ३६ भन्दा बढी जिल्लाका दुग्ध व्यवसायीक किसान सहभागि हुनु भएको संघका लेखा समिति संयोजक एवं कास्कीका अध्यक्ष नवराज बरालले बताउनुभयो। कार्यक्रममा करिब ४ सय जना दुग्ध किसान पोखरामा सहभागि भएको उहाँको दाबी छ।

संघका अध्यक्ष अम्मर बहादुर कुंवरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गण्डकी प्रदेशका सभामुख कृष्ण धिताल, गण्डकी प्रदेशका कृषि तथा पशुपंक्षि विकास मन्त्री पद्मा श्रेष्ठ लगायतले नेपालमा उत्पादन हुने दुधको उचित मुल्य र किसानले समयमै पैसा पाउने गरी व्यबस्था मिलाउनु पर्नेमा जोड दिनुभयो। सप्त गण्डकी दुग्ध संघको व्यवस्थापनमा कार्यक्रम भएको हो।

## पोखरामा एक करोड बराबरको कन्दमुलको कारोवार हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ पुस

गण्डकी प्रदेशको राजधानी पोखरामा यस वर्षको माघे संक्रान्तिको अवसरमा करिब एक करोड मुल्य बराबरको कन्दमुलको कारोवार हुने भएको छ। मकर संक्रान्तिको अवसरमा पोखरामा यस बर्ष करिब एक करोड मुल्य बराबरको तरुल सहित कन्दमूलको कारोबार हुने अपेक्षा गरिएको व्यवसायीहरु बताउनु हुन्छ।

प्रतिकेजी १ सयदेखि ४ सय मुल्य बराबरका कन्दमुल पोखराका बजारमा उपलब्ध भएको पोखराका एक व्यवसायी गोविन्द प्रसाद आचार्यले बताउनु भयो। उहाँका अनुसार घर तरुल विभिन्न प्रजातिमा उपलब्ध छ जस्तै जाँते, पन्जे, सेतो तरुल त्यसै गरी वन तरुल र सकरखण्ड, पिडालु जस्ता कन्दमुल हाल पोखरामा बिक्रि वितरण भएको छ। पाल्पा, तनहुँ, गोर्खा, धादिङ लगायतका जिल्लाबाट आएको तरुल पोखरामा बिक्रि



हुदैछ। पोखराको श्री कम्प्लेस कृषि उपजका एक व्यवसायी धर्म प्रसाद तिमिल्सिनाले अघिल्ला बर्षकै तुलनामा यस बर्ष कन्दमुल पोखरामा भित्रिएको बताउनु भयो। उहाँका अनुसार बजारमा हाल खुद्रा मुल्य प्रति केजी सकरखण्ड एक सय, जाँते तथा पन्जे तरुल प्रति केजी २ सय ५०, भैसे तरुल प्रति केजी १ सय ५० मा बिक्रि भएको छ। तरुल तथा कन्दमुल खादा मानव स्वास्थ्का लागि फाइदाजक हुने बताइन्छ। कन्दमुल जमिन मुनि फल्ने हुनाले भिटामिन सी, कार्वोहाइड्रेड, भिटामिन ए, आइरन, म्याग्नेसियम, फसफोरस, पोटासियम जस्ता मानव शरिरका लागि आवश्यक तत्व पाइने चिकित्सकहरुले बताउदै आउनु भएको छ।

कन्दमुलमा प्रोटिन भने कम पाइन्छ आँखा, छाला र श्वासप्रश्वास सम्बन्धि समस्याका लागि धेरै फाइदा पुग्छ भने मृगौला रोगीका बिरामीले यसको प्रयोग नगर्दा उचित हुने चिकित्सकको सुझाव दिएका छन्। यसैबिच, माघे संक्रान्तिको अवसरमा मंगलबार पोखराको ढुंगे साँघुमा माघे जात्रा सहितको हार्ट बजार समेत लाग्ने भएको छ। साथै उक्त क्षेत्रमा विभिन्न खेलकुद समेत हुने तयारी भएको छ।

## पृथ्वीराजमार्ग सडक विस्तारमा पूर्वी खण्डमा ७४ प्रतिशत प्रगति

**पोखरापत्र संवाददाता**
पोखरा, २९ पुस

पृथ्वीराजमार्गको मुग्लिन-पोखरा सडक विस्तार कार्यले तीव्रता लिएको छ। आँबुखैरेनीबाट जामुनेसम्म ४१ दशमलव ४५ किलोमिटर दूरीमा सडक विस्तारका कार्य भइरहेको हो। यस खण्डको हालसम्म ७४ प्रतिशत भौतिक प्रगति भएको छ।

पूर्वी खण्डमा २७ दशमलव ४ किलोमिटर दूरीमा अन्तिम चरणको कालोपत्रकार्य सम्पन्न भएको पूर्वीखण्डका सूचना अधिकारी विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार पहिलो चरणमा ६ सेन्टिमिटर र दोस्रो चरणमा चार सेन्टिमिटर गरी दश सेन्टिमिटर सडक कालोपत्र गरिएको हो।

उक्त सडक खण्डमध्ये ६९ किमी सडक दूरीमा दुई लेनका सडक कालोपत्रकार्य सम्पन्न गरिएको पूर्वीखण्डका सूचना अधिकारी पाण्डेले जानकारी दिनुभयो। पाण्डेका अनुसार यस अगाडि कालोपत्र भइसकेको ठाउँमाथि नै अन्तिम कालोपत्रको काम तीव्र गतिमा अगाडि बढाइएको छ। जिल्लाको डुम्रे, छिर्कन र दमौली खण्डमा निर्माणकार्य भइरहेको उहाँले बताउनुभयो। बन्दीपुर, आँबुखैरेनी र व्यास तीन पालिकाका विभिन्न ठाउँमा अन्तिम कालोपत्रको काम अगाडि बढाइएको छ। पहिलो चरणमा एकतर्फी अन्तिम कालोपत्र सकेर अर्कोतर्फ काम सुरू गरिनेछ, अन्तिम चरणको कालोपत्र सकिएपछि सडक रङरोगनको काम अगाडि बढाइने आयोजनाले जनाएको छ। पूर्वी खण्डअन्तर्गत नै दमौलीको बुल्दीपुलबाट घाँसीकुवातर्फको खण्डमा पनि कालोपत्रको कामलाई अगाडि बढाइएको छ। दमौली बजारमासमेत सडक विस्तारका लागि अहिले नाली बनाउने काम भइरहेको छ। दमौली बजारमा केन्द्र विन्दुबाट २३-२३ मिटरलाई आधार मानेर सडक विस्तारको काम भइरहेको छ।

यस खण्डमा साना चौध वटा पुल निर्माणकार्य सकिएका छन्। ठूला तीन वटामध्ये डुम्रे बजार नजिकैको एउटा पुल अन्तिम चरणमा पुगेको छ, दुई वटाको निर्माणकार्य सम्पन्न भइसकेको छ। व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमा निर्माण भइरहेको पुलको काम ५० प्रतिशत बढी पूरा भइसकेको छ। पूर्वी खण्डमा २०७७ साल माघ १७ गते सम्झौता भई २०७८ साल वैशाख २ गतेदेखि काम सुरू भएको थियो। पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ। विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीसाधनको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी) को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो। पूर्वी खण्डको ठेक्का रू छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा लागेको थियो। यस खण्डको सम्झौता म्याद समाप्त भएपछि पुनः फागुन २ गतेसम्मका लागि म्याद थप गरिएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## गण्डकीमा एक लाख १८ हजार किशोरीलाई 'एचपिभी' खोप लगाइने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ पुस

गण्डकी प्रदेशमा १० देखि १४ वर्ष उमेर समूहका एक लाख १८ हजार सात सय ७४ जना किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको 'एचपिभी' खोप लगाइने भएको छ। खोप अभियानअन्तर्गत प्रदेशका ११ वटै जिल्लाका तोकिएको उमेर समूहका किशोरीलाई आगामी माघ २२ गतेदेखि फागुन ६ गतेसम्म खोप प्रदान गरिने भएको हो। गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिमबहादुर खड्काले खोप अभियान सञ्चालनका लागि अहिले जिल्ला र स्थानीय तहमा पूर्वतयारीका काम भइहेको जानकारी दिनुभयो। "खोप प्रदान गर्ने स्वाथ्यकर्मीसहित अन्य सरोकार भएका पक्षलाई अहिले अभिमुखीकरण कार्यक्रम सञ्चालन भइहेको छ", उहाँले भन्नुभयो, "उक्त खोपबाट १० देखि १४ वर्षसम्मका कशोरीहरू बञ्चित हुनु नपरोस् भनेर अहिले समुदायस्तरमा प्रचारप्रसार र सचेतनाका कार्यक्रम पनि गरिरहेका छौं।" सङ्घ सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'एचपिभी' खोपलाई राष्ट्रिय खोप तालिकामा सामवेश गरेर यो खोपलाई नियमित खोप सेवाको रूपमा प्रदान गर्ने नीति लिए बमोजिम कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीहरूलाई लक्षित गरी खोप प्रदान गर्न लागिएको हो। भविष्यमा पाठेघरको मुखको क्यान्सर हुनबाट किशोरीहरूलाई सुरक्षित गर्ने लक्ष्यसहित देशव्यापी रूपमा 'एचपिभी' खोप अभियान सञ्चालन हुन लागेको महानिर्देशक खड्काले बताउनुभयो। यो अभियान सम्पन्न भएपछि कक्षा ६ का छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरूलाई नियमित खोपका रूपमा यो खोप प्रदान गर्ने सरकारको नीति रहेको उहाँको भनाइ छ। जिल्ला स्वास्थ्य कार्यालय, बागलुङका प्रमुख घनश्याम सापकोटाले स्थानीय तहमा रहेका स्वास्थ्यकर्मीलाई खोप अभियान सञ्चालनसम्बन्धी दुई दिनको अभिमुखीकरण तालिम प्रदान गरिएको बताउनुभयो। उहाँका अनुसार बागलुङमा ११ हजार पाँच सय ५५ जना किशोरीहरूलाई खोप प्रदान गर्ने लक्ष्य छ।

नेपालमा पाठेघरको मुखको क्यान्सरका बिरामी र मृत्यु हुनेको सङ्ख्या हरेक वर्ष उच्च रहेकाले उक्त रोग निवारणमा खोप अभियानले योगदान पुऱ्याउने प्रमुख सापकोटाले बताउनुभयो। धवलागिरि अस्पतालका स्त्री रोग विशेषज्ञ डा विजय ओझाले 'एचपिभी' खोपले पाठेघरको मुखको क्यान्सर हुने जोखिमलाई ९८ प्रतिशतले घटाउने बताउनुभयो। "पाठेघरको मुखको क्यान्सरबाट जोगिने प्रभावकारी उपाय भनेको यसविरुद्धको खोप लगाउनु हो", उहाँले भन्नुभयो, "समयमा रोगको निदान तथा उपचार नभएर महिलाहरूले मृत्युवरण गर्नुपरेका घटना दाहोरिन नदिन लक्षित समूहका सबै किशोरीहरूलाई खोपको पहुँचमा ल्याउनु जरुरी छ।"

डा ओझाका अनुसार पाठेघरको मुखको क्यान्सर नेपालमा महिलालाई सबैभन्दा बढी लाग्ने क्यान्सरको दोस्रो स्थानमा पर्छ। क्यान्सरको कारणबाट महिलाहरूको मृत्यु हुनेमा भने पहिलो मुख्य कारण पाठघरको क्यान्सर रहेको उहाँको भनाइ छ। यसअघि सरकारले आव २०७२/७३ र २०७३/७४ मा नमूनाका रूपमा चितवन कास्कीमा उक्त खोप कार्यक्रम सञ्चालन गरेको थियो। यसैगरी गत आवमा 'बाइभ्यालेण्ट एचभिपी सेकोलिन' खोपको २० हजार मात्रा खरिद गरी नमूनाका रूपमा सातै प्रदेशका एक/एक अस्पतालबाट १४ वर्षका किशोरीलाई छ महिनाको फरकमा दुई मात्रा खोप प्रदान गरिएको थियो। उक्त खोप अस्पतालमा आधारित खोप केन्द्रबाट प्रदान गरिएको थियो। 'ह्यूमन प्यापिलोमा' भाइरसबाट सङ्क्रमित व्यक्तिको यौनाङ्गको छाला, 'म्युकस मेम्ब्रेन' यौनाङ्गबाट निस्कने तरल पदार्थसँगको सम्पर्कबाट यो रोग सर्ने चिकित्सकहरू बताउँछन्।

मानव शरीरमा क्यान्सर गराउने उच्च जोखिम भएका 'एचपिभी' भाइरसको पटकपटक सङ्क्रमण भएर २० वर्षसम्म रहेमा पाठेघरको मुखको क्यान्सर हुने गरेको उनीहरूको भनाइ छ। नेपालमा हरेक वर्ष दुई हजार एक सय ६९ जना महिलालाई पाठेघरको मुखको क्यान्सर हुने र यसबाट बर्सेनि एक हजार तीन सय १३ जना अर्थात् औसतमा प्रत्येक दिन चारजना महिलाको मृत्यु हुने अनुमान गरिएको छ।

# प्रेस चौतारी कास्कीको नवौं अधिवेशन माघ २२ गते

**पोखरापत्र संवाददाता**
पोखरा, २९ पुस

प्रेस चौतारी कास्कीको नवौं अधिवेशन आगामी माघ २२ गते मंगलबार हुने भएको छ।

संस्थाका कार्यवाहक अध्यक्ष मोतिसागर अधिकारीको अध्यक्षतामा बसेको बैठकले प्रेस चौतारी नेपाल स्थापना दिवसका दिन माघ २२ गते अधिवेशनको मिति तय गरेको हो । स्थापना दिवसका अवसरमा शुभकामना आदानप्रदानसहित अर्न्तक्रिया कार्यक्रम र प्रेस चौतारी पत्रकारिता सम्मान र पुरस्कार अर्पण पनि गरिने सचिव रञ्जन अधिकारीले जानकारी दिए । यसै गरी अधिवेशन सम्पन्नार्थ विभिन्न उपसमितिहरू पनि गठन गरिएको छ । प्रतिवेदन लेखन समितिमा कार्यवाहक अध्यक्ष मोतिसागर अधिकारी, सचिव रञ्जन अधिकारी र कोषाध्यक्ष गिरिधारी पोखरेल छन् । सचिव रञ्जन अधिकारीको संयोजकत्वमा प्रचारप्रसार तथा मल्टिमिडिया संयोजन समिति गठन गरिएको छ । सदस्यहरूमा अनुप पौडेल, अनिता घिमिरे, सन्दीप खनाल, सुरेश सुनार र अर्जुन गाहा मगर 'सुशान्त' छन्। यसैगरी, आर्थिक संकलन तथा जनवर्गीय संगठन समन्वय उपसमितिको संयोजकमा कार्यवाहक अध्यक्ष मोतिसागर अधिकारी, सहसंयोजकमा कोषाध्यक्ष गिरीधारी पोखरेल तथा सदस्यहरूमा राजु गिरी र अनुप पौडेल छन् । उपाध्यक्ष बालकुमारी पौडेल 'तारा' को संयोजकत्वमा अतिथि निमन्त्रणा, सत्कार तथा प्रतिनिधि व्यवस्थापन उपसमिति गठन गरिएको छ । सदस्यहरूमा सचिव रञ्जन अधिकारी, सहसचिव उमा आले मगर, सचिवालय सदस्य दीपा पौडेल, सञ्जय थापा, सुरक्षा श्रेष्ठ, अमृत कुमार भट्टराई र ऋषिराम दाहाललाई चयन गरिएको छ।

सदस्यता नविकरण, मञ्च व्यवस्थापन तथा खाना, खाजा व्यवस्थापनको जिम्मेवारी कोषाध्यक्ष गिरीधारी पोखरेललाई दिइएको छ । रञ्जन अधिकारी, राजु गिरी र दीपक अधिकारीले सघाउनेछन् । बैठकले 'प्रेस चौतारी पत्रकारिता सम्मान तथा पुरस्कार २०८१' छनौटका लागि प्रतिभा छनौट समिति पनि गठन गरेको छ। छनौट समितिमा शान्ति गुरुङ, केशव पाठक र केशवशरण लामिछाने छन् । पदेन सदस्यहरुमा कार्यवाहक अध्यक्ष मोतिसागर अधिकारी र सचिव रञ्जन अधिकारी रहनेछन् ।

प्रेस चौतारी पत्रकारिता पुरस्कारबाट संस्थापक अध्यक्ष पुण्य पौडेल, माधव शर्मा, रुद्रबहादुर थापा, नवराज सुवेदी, हरि बास्तोला, बद्रीबिनोद प्रतीक, खेम सारु, दुर्गा भण्डारी, निमदत्त सुवेदी, श्रीराम सिग्देल, शान्ति गुरुङ, रामकृष्ण ज्ञवाली, श्याम कुँवर, दीपेन्द्र श्रेष्ठ, केशव पाठक, सुष्मा पौडेल र माधव बराल पुरस्कृत भइसकेका छन् ।

२०७९ बाट सुरू गरिएको पत्रकारिता सम्मान राजु भण्डारी, सावित्री खनाल, हुम तमु र मीना तमुलाई अर्पण गरिएको सचिव रञ्जन अधिकारीले जानकारी दिए । प्रेस चौतारी कास्कीले पत्रकार महासंघ गण्डकी र कास्कीको निर्वाचनमा विजयी भएका र नेपाल सरकारबाट नियुक्त भएकाहरूलाई बधाई ज्ञापन पनि गरेको छ । सूचना आयुक्त दुर्गा भण्डारी, प्रेस काउन्सिल नेपाल सदस्य केशवशरण लामिछानेलाई बधाई तथा सफल कार्यकालका लागि शुभकामना व्यक्त गरेको छ । यस्तै, नेपाल पत्रकार महासंघ गण्डकीको महासचिवमा निर्वाचित प्रेस चौतारीका केन्द्रीय सदस्य तथा महिला विभाग प्रमुख जमुना वर्षा शर्मा, सचिवमा निर्वाचित प्रेस चौतारी गण्डकीका उपाध्यक्ष रोश्नी गुरूङ र सदस्यमा निर्वाचित विजय नेपाललाई बधाई तथा शुभकामना ज्ञापन गरेको छ । पत्रकार महासंघ कास्कीको अध्यक्षमा निर्वाचित निवर्तमान अध्यक्ष एवं केन्द्रीय सदस्य माधवप्रसाद बराल, उपाध्यक्षमा निर्वाचित केन्द्रीय सदस्य कञ्चन थापा कोइराला, कोषाध्यक्षमा निर्वाचित केन्द्रीय लेखा आयोग सदस्य राजाराम पौडेललाई बधाई तथा शुभकामना व्यक्त गरेको छ।

यसैगरी, पत्रकार महासंघ कास्कीको कार्यसमिति सदस्यमा निर्वाचित उपाध्यक्ष बालकुमारी पौडेल (तारा) सहित सदस्यहरू राजु गिरी, पुनम थापा मगर, अर्जुन गाहा (सुशान्त), गौरव त्रिपाठी, तुलसीराम सुवेदी, रिखिराम जिसी, सुरेश सुनारलाई बधाई तथा शुभकामना ज्ञापन गरेको छ।

केन्द्रीय परिषद् सदस्यमा निर्वाचित केन्द्रीय सदस्य आरजु विष्ट सल्यानी, प्रदेश परिषद् सदस्यमा निर्वाचित सल्लाहकारहरु केशव पाठक र राम गुरुङसहित खिमा कुमारी गुरुङ, खेम सारू मगर, गणेश कुमार श्रेष्ठ, विष्णु प्रसाद सापकोटालाई बधाई र शुभकामना व्यक्त गरेको छ।

# प्याब्सन कास्कीको अध्यक्षमा षडानन्द गौतम

**पोखरापत्र संवाददाता**
पोखरा, २९ पुस




निजी तथा आवासीय विद्यालय संगठन (प्याब्सन) कास्कीको अध्यक्षमा षडानन्द गौतम चयन हुनु भएको छ।

प्याब्सन कास्कीको हालै पोखरामा सम्पन्न १९ औं जिल्ला अधिवेशनले गौतमको अध्यक्षतामा सात सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

त्यसै गरी संस्थाको वरिष्ठ उपाध्यक्षमा विष्णुप्रसाद तिमिल्सिना, उपाध्यक्षमा श्रीकृष्ण अधिकारी, सचिवमा सुरेन्द्रमानसिंह भण्डारी, कोषाध्यक्षमा विधान गौतम, सह-सचिवमा डिल्लीराम अर्याल र सह-कोषाध्यक्षमा नरेश प्रसाद बराल चयन हुनु भएको हो। त्यस्तै सदस्यहरूमा कौशल्या गुरुङ, खिमबहादुर गुरुङ, डा. महेश्वर पराजुली, रेखा थापा कार्की र टिकाराम पौडेल चयन हुनु भएको हो । प्याब्सन कास्कीका अध्यक्ष मथुराप्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रमको उद्घाटन पोखराका मेयर धनराज आचार्यले गर्नु भएको थियो। शिक्षाको गुणात्मक विकासमा निजी क्षेत्रको समेत सहयोग आवश्यक भएको उहाँले बताउनु भयो ।

महाधिवेशन प्रतिनिधिमा डा. त्रिभुवन शर्मा, दिलीप शर्मा, दिनेश लामिछाने र लेखनाथ पराजुली चयन भए ।

# सिक्लेसमा ठेलो हान्ने मेला

**पोखरापत्र संवाददाता**
पोखरा, २९ पुस

कास्कीको पर्यटकीय गाउँ सिक्लेसमा दुई सय वर्षअघि देखिको इतिहास जोडिएको माघे सङ्क्रान्ति मेला भोलिदेखि सुरु हुने भएको छ।

कास्की र आसपासका क्षेत्रमा प्रचलित प्राचीन मेलाहरूमध्येको यो मेला मेला सिक्लेस युवा क्लबको आयोजनामा गर्न लागिएको हो। सिक्लेसमा माघे सङ्क्रान्तिका दिनमा ठेलो हान्ने प्राचीन परम्परा दुई सय वर्षअघि देखि प्रचलनमा आएको इतिहासअनुसार त्यही समयदेखि नै यो मेला हुँदै आएको विश्वास गरिन्छ । क्लबका अध्यक्ष भोलामान गुरुङले उहाँले 'ग्रामीण पर्यटन प्रवर्द्धनका लागि सिक्लेस माघे सङ्क्रान्ति मेला' भन्ने नाराका अवसरमा मेला गर्न लागिएको बताउनुभयो । उहाँका अनुसार माघ १ देखि ४ गतेसम्म खुला पुरुष तथा महिला भलिवल, पुरुष बास्केटबल, गुरुङ गीतमा सामूहिक नृत्य प्रतियोगिता, ठेलोलगायत लोपोन्मुख स्थानीय खेलकुदका प्रतियोगितासहित विभिन्न सांस्कृतिक कार्यक्रम गरिनेछ । मेलाका अवसरमा हुने खुल्ला पुरुष भलिबल प्रतियोगिताका विजयीले रु एक लाख नगदका साथमा मेडल र प्रमाणपत्र, द्वितीय हुनेले रु ७० हजारसहित मेडल र प्रमाणपत्र पाउने आयोजकले जनाएको छ । त्यस्तै खुल्ला महिला भलिबलतर्फ प्रथम हुनेले रु ३० हजार, मेडल र प्रमाणपत्र तथा द्वितीय हुनेले रु २० हजार, मेडल र प्रमाणपत्र पाउनेछन्। खुल्ला पुरुष बास्केटबलतर्फ प्रथम हुनेले रु एक लाखसहित मेडल र प्रमाणपत्र तथा द्वितीय हुनेले रु ७० हजार नगदसहित मेडल र प्रमाणपत्र पाउनेछन् ।

मेलामा गुरुङ भाषा गीतको सामूहिक नृत्यमा प्रथम हुनेले रु ६० हजार, मेडल र प्रमाणपत्र तथा द्वितीय हुनेले रु ४५ हजार, मेडल र प्रमाणपत्र पाउनेछन् । तेस्रो हुनेले रु ३० हजार, मेडल र प्रमाणपत्र पाउने जनाइएको छ । प्रतियोगिताअन्तर्गत ठेलो खेलका विजेताले रु ४५ हजारसहित मेडल र प्रमाणपत्र तथा द्वितीय हुनेले रु ४० हजारसहित मेडल र प्रमाणपत्र पाउनेछन् । सभायुला युवा परिवारले सञ्चालन गर्ने ठेलो प्रतियोगिताको प्रमुख आतिथ्यता ठेलो प्रतियोगिताका पूर्वविजेता केशबहादुरगुरुङलेगर्नुहुने जनाइएको छ । पोखराबाट करिब ४० किमीको दूरीमा कास्कीको उत्तर पूर्वी भेगमा रहेको सिक्लेस मादी गाउँपालिका-१ अन्तर्गत अन्नपूर्ण हिमाल र लमजुङ हिमाल काखमा रहेको छ । यहाँ चार सय ५० घरधुरी रहेका छन् । ग्रामीण पर्यटन केन्द्रका रूपमा विकास भइरहेको यहाँ पर्यटकको सुविधालाई लक्षित गरी सुविधासम्पन्न ४७ वटा होटल दर्ता भई सञ्चालनमा रहेका छन् । त्यसैगरी, ३६ वटा घरबास सञ्चालनमा छन् । पर्यटकीययाममा एक हजार पाँच सयदेखि दुई हजार जनासम्म पर्यटक सिक्लेसमा घुम्न आउने गरेको मादी गाउँपालिका-१ का वडाअध्यक्ष देवीजङ्ग गुरुङले जानकारी दिनुभयो । सिक्लेसमा करिब नौ सय वर्षअघि देखि नै बसोबास सुरु भएको अनुमान गरिने बताउँदै उहाँले दुई सय वर्षअघि देखि यहाँ माघे सङ्क्रान्तिका अवसरमा ठेलो हान्ने प्रचलन रहेका कारण त्यसैबेलादेखि सिक्लेस माघे सङ्क्रान्ति मेला सुरु भएको अनुमान गरिने जानकारी दिनुभयो ।पछिल्लो समय सिक्लेस जाने बाटोलाई व्यवस्थित गर्ने उद्देश्यका साथ तेस्रो खण्डको काम सुरु हुन लागेको उहाँले जानकारी दिनुभयो।

काहुँखोला सिक्लेस सडकमा अहिले तस्रो खण्डको कालोपत्र गर्ने काम सुरु गर्न लागिएको उहाँले बताउनुभयो। गाउँ तथा पर्यटकको सुरक्षाका लागि ६४ स्थानमा सिसी क्यामेरा जडान गरिएको उहाँले जानकारी दिनुभयो । स्थानीयको सेवाका लागि चाँडो काम गर्न प्रविधिमैत्री काम थालिएको बताउँदै उहाँले कतिपय अवस्थामा जनतालाई कार्यालयसम्म जान नपर्ने सुविधा समेत दिइएको बताउनुभयो।

# आशीर्वाद क्लवको निशुल्क आँखा शिविर

**निशा देवकोटा**
पोखरा, २९ पुस




स्थानीय समुदायलाई लक्षित गर्दै आशीर्वाद क्लब अफ नेपालको आयोजनामा हालसालै पोखरा-१३ साभा चोक (आर्वा) मा निशुल्क आँखा उपचार शिविर आयोजना सम्पन्न भएको छ । शिविरमा विभिन्न उमेर समूहका करिब पाँच सय जना व्यक्तिहरूले आँखा सम्बन्धी नि:शुल्क जाँच, परामर्श र औषधी चम्मा प्रदान गरिएको थियो।

आँखा संसार हेर्ने दृष्टिकोण हो भनि सोचेर ९१ वर्षको हजुर बा भुमनाथ लामिछाने आउनु भयो दाहिने हातामा लौरी टेक्दै उपचार गर्ने । आँखा स्वस्थ्य भए संसार चिनाउन पाइन्छ । आँखा नै अस्वास्थ्य भए जिन्दगी अन्धकार हुने लामिछानेले भने। शिविरमा वरिष्ठ नेत्र विशेषज्ञहरूद्वारा आँखाको सामान्य जाँचदेखि गम्भीर रोगहरूको पहिचान समेत गरियो।मोतियाबिन्दु,दृष्टिकमजोर, आँखामा एलर्जी तथा अन्य समस्या भएका बिरामीहरूलाई आवश्यक औषधी तथा थप उपचारका लागि अस्पतालमा सिफारिस गरिएको छ। हिमालय आँखा अस्पाताल पोखरा १७ घारीपाटन चिकित्सा समूहले स्वास्थ्य उपचार गरिएको थियो । वडा न १३ का निवर्तमान अध्यक्ष तथा समाजसेवी दर्शन लामाले शिविरको उद्घाटन गर्दै समुदायमा स्वास्थ्य सचेतना फैलाउन यस्ता कार्यक्रमहरू आवश्यक रहेको बताए। निवर्तमान अध्यक्ष लामाले स्थानीय तह र स्वास्थ्य संस्थाबीच सहकार्य गरी यस्ता कार्यक्रमलाई अझ प्रभावकारी बनाउन पर्नेमा जोडा दिए। डाक्टर प्रदीप मल्ल ठकुरीले तीनदेखि छ महिना भित्रमा आँखा चेक गरिराख्नु पर्ने भने । रोगलागे पछि उपचार गर्नु भन्दा रोग लाग्न नदिन समयमै आँखा जाँच गर्नुपर्ने लामाले धारण राखे । आशीर्वाद क्लब अफ नेपालका अध्यक्ष अर्जुन बरालले शिविरले धेरैलाई राहत मिलेको भने । अगामी दिनहरूमा पनि यस्ता सामाजिक सेवामूलक कार्यहरू निरन्तरता दिइने अध्यक्ष बरालले वचन वद्धता दिए । हिमालय आँखा अस्पतालको प्राविधिक सहयोगमा सहजीकार गौडाकोमुख स्थित एड्भान्स क्लिनिकले गरेका थियो । अर्शीवाद क्लव अफ नेपालका संस्थापक ई विक्रम वरालले संचालन गरेका थिए । शिविरमा क्लबका स्वयंसेवक, स्वास्थ्यकर्मी र समाजसेवीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। साभा जिमिरे टोल विकास संस्थाका अध्यक्ष रनबहादुर वि.क. शिविरमा सक्रिय सहयोग गरेका थिए। कार्यक्रममा सहभागी स्थानीय बासिन्दाहरूले यस्तो सेवा उपलब्ध गराइदिएकोमा खुशी व्यक्त गर्दै धन्यवाद ज्ञापन गरेका छन् ।

# माघे संक्रान्तिको अवसरमा विद्यार्थी सम्मान तथा शुभकामना आदान प्रदान


**पोखरापत्र संवाददाता**
पोखरा, २९ पुस




मगर समुदायको मौलिक सांस्कृतिक चाड माघे संक्रान्ति २०८१ को अवसरमा नेपाल मगर संघ कास्कीले विद्यार्थी सम्मान तथा शुभकामना अदानप्रदान कार्यक्रम सोमवार सम्पन्न गरेको छ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि मगर पुन समाजका संरक्षक पूर्वमन्त्री उत्तम बहादुर पुनले सम्पूर्ण पुन मगरहरु एकजुट भई अगाडि बढ्न आग्रह गर्नुभयो । यस्ता कार्यक्रमले पुन मगर समाजलाई अगाडि बढाउँदै लैजानेमा खुसी व्यक्त गर्नुभयो।

उक्त अवसरमा समाजले आयोजना गरेका खेलकुद प्रतियोगिता अन्तर्गत ब्याडमिन्टन र डोरी तान्ने प्रतियोगितामा विजयी व्यक्तिहरु तथा कक्षा १२ उत्तीर्ण विद्यार्थीहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा नेपाल मगर संघका केन्द्रीय सल्लाहकार बालासिंह काउछा मगर, केन्द्रीय सदस्य हर्क आले मगर, प्रदेश समिति अध्यक्ष तारामाया थापामगर, भुजेल समाज सेवा समिति कास्की अध्यक्ष नर बहादुर घर्ती, नेपाल मगर महिला संघ कास्की अध्यक्ष नुनु राना मगर लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो । उक्त अवसरमा विभिन्न सांस्कृतिक कार्यक्रम समेत प्रस्तुत गरिएको थियो । नेपाल मगर संघ कास्कीका कार्यवाहक अध्यक्ष चन्द्र बहादुर पुर्जा पुन मगरको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत जिल्ला कोषाध्यक्ष भक्त बहादुर पुन मगरले गर्नुभएको थियो भने कार्यक्रमको संचालन सचिव लाल बहादुर मगरले गर्नुभएको थियो।







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

